# डा. अर्जुन कुमार कार्कीको संक्षिप्त परिचय

## *प्रतिनिधि सभा संघीय संसद सदस्य उमेदवार, संखुवासभा*

### परिचय




डा. अर्जुन के. कार्की नेपालका प्रख्यात विकासविद्, सामाजिक अभियन्ता, कूटनीतिज्ञ तथा बौद्धिक नेतृत्वकर्ता हुन्। तीन दशकभन्दा बढी समयदेखि उनले ग्रामीण विकास, सामाजिक न्याय, मानव अधिकार, दिगो विकास र अन्तर्राष्ट्रिय नीति बहसमा सक्रिय योगदान दिँदै आएका छन्। स्थानीय समुदायदेखि अन्तर्राष्ट्रिय मञ्चसम्म नेपालको आवाज उठाउने व्यक्तित्वका रूपमा उनी परिचित छन्।

### जन्म र पृष्ठभूमि

जन्मस्थान: संखुवासभा जिल्ला, नेपाल
संखुवासभाको ग्रामीण सामाजिक-आर्थिक यथार्थले उनको विचार, विकास दृष्टि र नागरिक सरोकारमा गहिरो प्रभाव पारेको देखिन्छ।

### शैक्षिक पृष्ठभूमि

डा. कार्कीले उच्च शिक्षा बेलायतबाट ग्रामीण गरिबी र विकास अध्ययनमा विद्यावारिधि (पिएचडी) गरेका छन्। उनको अध्ययन र अनुसन्धान गरिबी, विकासको राजनीति, नागरिक आन्दोलन, राज्य-समाज सम्बन्ध र शक्ति संरचनामा केन्द्रित छ। यसअघि उनले विकास परियोजना व्यवस्थापन तथा कृषि अर्थशास्त्रमा उच्च शिक्षा हासिल गरेका छन्। उनी सैद्धान्तिक ज्ञान र व्यवहारिक विकास अभ्यासलाई जोड्ने विद्वानका रूपमा चिनिन्छन्।

### राजनीतिक यात्रा (विद्यार्थी जीवनदेखि शिक्षक आन्दोलनको राष्ट्रिय नेतृत्वसम्म)

डा. अर्जुन कुमार कार्कीको राजनीतिक यात्रा विद्यार्थी जीवनबाटै सुरु भएको हो। २०३६ सालको विद्यार्थी आन्दोलन, जनमतसंग्रहको कालखण्ड र अनेरास्ववियुको छाताभित्र रहेर उनले सक्रिय राजनीति गरे। २०४२-२०४५ को अवधिमा अनेरास्ववियुको केन्द्रीय सदस्यका रूपमा जिम्मेवारी सम्हालेका कार्की २०४६ सालको पहिलो र २०६२/६३को दोस्रो जनआन्दोलनमा

समेत सक्रिय सहभागी रहे। अध्ययनका प्रारम्भिक वर्षदेखि नै उनले बेरोजगार तथा सीमान्तकृत वर्गका हक-अधिकार, नागरिक स्वतन्त्रता, सामाजिक न्याय र लोकतान्त्रिक मूल्यप्रति स्पष्ट प्रतिबद्धता व्यक्त गर्दै आएका छन्। **विद्यार्थी राजनीति** र **शिक्षक आन्दोलन** संखुवासभामा समेत विभिन्न तहमा क्रियाशील रहँदा उनले संगठन निर्माण, नेतृत्व विकास र विचार-आधारित बहसको संस्कारलाई मजबुत बनाएका थिए।

### विकास र राजनीतिकमा भूमिका:

हाल: प्रतिनिधि सभा सदस्य उमेदवार, संघीय संसद, नेपाल

राजनीतिमा प्रवेशपछि पनि उनले विकास, सामाजिक न्याय र नागरिक अधिकारका मुद्दालाई केन्द्रमा राख्दै नीति-आधारित राजनीति र बौद्धिक बहसको पक्षमा आवाज उठाउँदै आएका छन्।

ग्रामीण तहदेखि राजनीतिक संरचना सुदृढ बनाउने प्रक्रियामा उनको योगदान उल्लेखनीय रह्यो। सञ्जाल निर्माण, पार्टी संगठन विस्तार तथा स्थानीयदेखि राष्ट्रिय तहसम्मको समन्वयमा उनले प्रभावकारी भूमिका निर्वाह गरे। युवाहरू, किसान, महिला, नागरिक समाज र बौद्धिक समुदायलाई राजनीतिक प्रक्रियासँग जोड्ने निरन्तर प्रयास नै उनको राजनीतिक यात्राको मुख्य विशेषता हो।

### व्यावसायिक र नेतृत्व भूमिका:-ग्रामीण विकास र नागरिक समाज:

डा. कार्की नेपाल ग्रामीण पुर्ननिर्माण संस्था (**आरआरएन**) का संस्थापक नेतृत्वकर्ता हुन्। यस संस्थामार्फत उनले ग्रामीण नेपालमा गरिबी निवारण, समुदाय सशक्तिकरण, खाद्य सुरक्षा, महिला अधिकार, स्थानीय शासन र दिगो विकासका कार्यक्रमहरू सञ्चालन गरेका छन्। अहिले देशमा **आरआरएन** नेपाली समाजको प्रभावशाली मानवअधिकार तथा विकास संस्थामध्ये एक मानिन्छ।

उहाँले स्थापना गरेको आरआरएन परिवारले देशभरिका **६०** जिल्लाका **१५ लाख** परिवारसम्म काम गर्‍यो। संस्था राज्यको विकल्प होइन भन्ने बुझाइका साथ आरआरएन परिवारले विपन्न र पछाडि पारिएका समुदायमा केन्द्रित भएर काम गर्‍यो।

विगत **३०** वर्षमा **संखुवासभामा** मात्र तीन दर्जनभन्दा बढी परियोजनाहरू सञ्चालन गर्दै आजका सबै **१०** पालिका र **७७** वडामध्ये अधिकांश वडासम्म पुगेर **२५** हजारभन्दा बढी परिवारसँग सहकार्य गर्‍यो–किसानसँग कृषि र खाद्य सुरक्षा, बालबालिकासँग शिक्षा, आमा-दिदीबहिनीसँग स्वास्थ्य र सम्मान, युवासँग सीप र अवसरका लागि। वन-वातावरण

संरक्षणदेखि विपद् व्यवस्थापन, भूकम्प, बाढी-पहिरो र कोभिड महामारीसम्म आरआरएन परिवार संखुवासभाकै घरआँगनमा उभियो। त्यसैले उहाँ नयाँ होइन, परीक्षण नभएको पनि होइन, कामबाट चिनिनुभएको नेतृत्व हो।

**अन्तर्राष्ट्रिय नेतृत्व:**

उनी **अतिकम विकसित देशहरु (एलडिसी)** का साझा मुद्दा उठाउने अन्तर्राष्ट्रिय सञ्जालका विश्व संयोजक रहँदै आएका छन्। यस भूमिकामा उनले गरिब राष्ट्रहरूको ऋण संकट, विकास वित्त, जलवायु न्याय, व्यापार असमानता र विश्व आर्थिक संरचनामा रहेको विभेदका विषयमा विश्वस्तरमा पैरवी गरेका छन्।

राष्ट्रसंधघका विभिन्न सभा सम्मेलन तथा अन्तराष्ट्रिय नागरिक तथा विकासका सम्मेलन र मन्चहरुमा भाग लिनुभएका डा. कार्की **कोफी अन्नानदेखि, बानकी मुन र एन्टीनियो गुटेरस** सम्म भेटघाट र सम्बन्ध भएका नेपालका हिमश्रृखलामा उभ्भिएर जलवायु परिवर्तनको असरको क्षति र नोक्सानको क्षतिपुर्ति पाउनु पर्ने विषयसम्म वकालत गर्नसक्ने व्यक्तिका रुपमा चिनिनुहुन्छ ।

**विकास र कूटनीतिक भूमिका:**

डा. अर्जुन कार्की नेपाल सरकारका तर्फबाट संयुक्त राज्य अमेरिका तथा अन्य केही देशहरूमा नेपाली राजदूतका रूपमा कार्यरत रहे। राजदूतको हैसियतमा उनले नेपाल-अमेरिका सम्बन्ध, विकास सहकार्य, शान्ति प्रक्रिया, आप्रवासी नेपालीको हित र अन्तर्राष्ट्रिय कूटनीतिक संवादमा महत्वपूर्ण भूमिका निर्वाह गरे। साथै **राष्टिय विकास परिषद** (एनडिसी) मा रहेर काम गर्ने उहाँ राष्ट्रिय, क्षेत्रीय र वैश्विक कैयन सन्जालहरुमा सरकारी र नागरिक समाजको भूमिकामा रहँदै आउनुभएको छ ।

**नीति, शान्ति र लोकतान्त्रिक योगदान:**

डा. कार्की नेपालको लोकतान्त्रिक आन्दोलन, शान्ति प्रक्रिया र द्वन्द्वपछिको संक्रमणकालीन परिवर्तनका बहसमा सक्रिय अनुभवी विचारक र संवादकर्ता हुन्। विकास र राजनीतिलाई अलग होइन, परस्पर पूरक प्रक्रियाका रूपमा हेर्दै उनले गाउँ-तहका नागरिकका सवालदेखि राष्ट्रिय नीति र अन्तर्राष्ट्रिय मञ्चसम्म संवाद र सहकार्यको सेतुको भूमिका निर्वाह गरेका छन्। राज्य, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायबीच समन्वय गर्दै उनले समावेशी लोकतन्त्र, सामाजिक न्याय र दिगो विकासका लागि निरन्तर योगदान पुऱ्याएका छन्।

**लेखन र बौद्धिक योगदान:**

उनका लेखन र विचारहरू भावनात्मक नाराभन्दा गहिरो विश्लेषण, तथ्य र दीर्घकालीन दृष्टिमा आधारित हुन्छन्। विकासलाई केवल परियोजना वा अनुदानको विषय होइन, शक्ति, नीति र नागरिक चेतनासँग जोडिएको संरचनागत प्रश्नका रूपमा बुझ्नुपर्ने उनको धारणा छ। ग्रामीण किसान महिला अनुसन्धानमूलक किताब लेख्नु भएका उहाँका राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलहरुमा मानवअधिकार, विकास अधिकार, गरिबी र अल्पविकास लगायत मुद्धाहरु तथा विषयमा दर्जनौं अध्ययनका प्रतिवेदन, लेख रचनाहरु रहेका छन् ।

**पुरस्कार तथा मान्यता**

सामाजिक न्याय तथा शान्ति निर्माणमा योगदान पुर्याएकोले **न्याय र शान्ति पुरस्कार (Justice and Peace Award (२०११)** प्राप्त गरेको। मानव अधिकार, शान्ति, सामाजिक न्याय र गरिब तथा वञ्चित समुदायका पक्षमा पुऱ्याएको योगदानको कदरस्वरूप प्रदान गरिएको अन्तर्राष्ट्रिय सम्मान।

समग्रमा डा. अर्जुन के. कार्की सामाजिक विकास अभियन्ता मात्र होइनन्, कूटनीतिज्ञ मात्र पनि होइनन्- उनी विकासको राजनीति बुझ्ने, अन्तर्राष्ट्रिय संरचना चिर्न सक्ने र नागरिक चेतनालाई नीति तहमा जोड्न सक्ने दुर्लभ नेपाली बौद्धिक नेतृत्वमा पर्नुहुन्छ ।

